निर्णय नं.१

अध्यक्षबाट पकहाँ मैनपुर गाउँपालिका प्रथम गाउँसभाले पारित गरेको गाउँसभा सञ्चालन कार्यविधि २०७४ लाई संसोधन विस्थापन गर्न बनेको पकहाँ मैनपुर गाउँपालिका गाउँसभा सञ्चालन कार्यविधि, २०७६ सभा समक्ष छलफल र निर्णयार्थ पेश ।

सभा समक्ष पकहा मैनपुर गाउँपालिका प्रथम गाउँ सभाले पारित गरेको गाउँसभा सञ्चालन कार्यविधि, २०७४ लाई संशोधन विस्थापन गर्न बनेको पकहाँ मैनपुर गाउँपालिका गाउँसभा सञ्चालन कार्यविधि, २०७६ सभा मा छलफल भई निर्णयार्थ पेश हुदा पारित गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं.२

अध्यक्षबाट पकहा मैनपुर गाउँपालिका आर्थिक वर्ष २०७६/०७७ को निति, कार्यक्रम तथा बजेट सभा समक्ष छलफल र निर्णयार्थ पेश ।

सभा समक्ष पकहाँ मैनपुर गाउँपालिकाको आर्थिक वर्ष २०७६/०७७ को निति, कार्यक्रम तथा बजेट सभामा दफावार छलफल भई निर्णयार्थ पेश हुदा पारित गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. ३

अध्यक्षबाट पकहाँ मैनपुर गाउँपालिकाको कर तथा गैर कर राजस्व लगाउने र उठाउने विधेयक, २०७६ सभा समक्ष छलफल र निर्णयार्थ पेश ।

सभा समक्ष पकहाँ मैनपुर गाउँपालिकाको कर तथा गैर कर राजस्व लगाउने र उठाउने विधेयक, २०७६ सभामा दफावार छलफल भई निर्णयार्थ पेश हुदा पारित गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. ४

अध्यक्षबाट आर्थिक वर्ष २०७६/०७७ मा कर तथा गैर कर राजस्व लगाउने, उठाउने कार्यका लागि पकहा मैनपुर गाउँपालिका अर्थ सम्बन्धि विधेयक, २०७६ सभा समक्ष छलफल र निर्णयार्थ पेश ।

सभा समक्ष पकाहा मैनपुर गाउँपालिका अर्थ सम्बन्धि विधेयक, २०७६ सभामा दफावार छलफल भई निर्णयाथ पेश हुदा पारित गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. ५

अध्यक्षबाट आर्थिक वर्ष २०७६/०७७ को राजस्व तथा व्ययको अनुमानित बजेट रु.३३,०९,५८,८५०/- (अक्षरेपी तेतीस करोड नौ लाख अन्ठाउन्न हजार आठ सय पचास रुपया मात्र) को विवरण उल्लेख भएको पकहा मैनपुर गाउँपालिका विनियोजन विधेयक, २०७६ सभा समक्ष छलफल र निर्णयाथ पेश ।

सभा समक्ष पकहाँ मैनपुर गाउँपालिका विनियोजन विधेयक २०७६ छलफल भई निर्णयाथ पेश हुदा रु.३३,०९,५८,८५०/- (अक्षरेपी तेतीस करोड नौ लाख अन्ठाउन्न हजार आठ सय पचास रुपया मात्र) को वार्षिक बजेट भएको पकहा मैनपुर गाउँपालिका विनियोजन विधेयक २०७६ पारित गर्ने सर्वसम्मत निर्णय भयो ।

निर्णय नं. ६

अध्यक्षबाट पकहाँ मैनपुर गाउँपालिका केहि कानुन तर्जुमा र व्यवस्था गर्न बनेको विधेयक, २०७६ सभा समक्ष छलफल र निर्णयाथ पेश ।

सभासमक्ष पकहा मैनपुर गाउँपालिका केहि कानुन तर्जुमा र व्यवस्था गर्न बनेको विधेयक, २०७६ सभामा दफावार छलफल भई निर्णयाथ पेश हुदा पारित गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. ७

अध्यक्षबाट पकहा मैनपुर गाउँपालिका प्रशासकिय कार्यविधि ( नियमित तथा व्यवस्थित गर्न) विधेयक २०७६ सभा समक्ष छलफल र निर्णयाथ पेश ।

सभा समक्ष पकहाँ मैनपुर गाउँपालिका प्रशासकिय कार्यविधि ( नियमित तथा व्यवस्थित गर्न) विधेयक २०७६ सभामा दफावार समक्ष छलफल भई निर्णयाथ पेश हुदा पारित गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. ८

अध्यक्षबाट पकहाँ मैनपुर गाउँपालिका आर्थिक कार्यविधि ( नियमित तथा व्यवस्थित गर्ने ) विधेयक, २०७६ सभा समक्ष छलफल र निर्णयार्थ पेश ।

सभा समक्ष पकहाँ मैनपुर गाउँपालिका आर्थिक कार्यविधि ( नियमित तथा व्यवस्थित गर्न) विधेयक २०७६ सभामा दफावार छलफल भई निर्णयार्थ पेश हुदा पारित गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. ९

अध्यक्षबाट पकहाँ मैनपुर गाउँपालिका सहकारि विधेयक, २०७६ सभा समक्ष छलफल र निर्णयार्थ पेश ।

सभा समक्ष पकहाँ मैनपुर गाउँपालिका सहकारि विधेयक, २०७६ सभामा दफावार छलफल भई निर्णयार्थ पेश हुदा पारित गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. १०

अध्यक्षबाट पकहाँ मैनपुर गाउँपालिका कृषि व्यवसाय प्रर्वधन विधेयक, २०७६ सभा समक्ष छलफल र निर्णयार्थ पेश ।

सभा समक्ष पकहाँ मैनपुर गाउँपालिका कृषि व्यवसाय प्रर्वधन विधेयक, २०७६ सभामा दफावार छलफल भई निर्णयार्थ पेश हुदा पारित गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. ११

अध्यक्षबाट पकहाँ मैनपुर गाउँपालिका स्वास्थ्य सेवा विधेयक, २०७६ सभा समक्ष छलफल र निर्णयार्थ पेश ।

सभा समक्ष पकहाँ मैनपुर गाउँपालिका स्वास्थ्य सेवा विधेयक, २०७६ सभामा दफावार छलफल भई निर्णयार्थ पेश हुदा पारित गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं.१२

अध्यक्षबाट पकहाँ मैनपुर गाउँपालिका शिक्षा विधेयक, २०७६ सभा समक्ष छलफल र निर्णयार्थ पेश ।

सभा समक्ष पकहाँ मैनपुर गाउँपालिका शिक्षा विधेयक, २०७६ सभामा दफावार छलफल भई निर्णयार्थ पेश हुदा पारित गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. १३

अध्यक्षबाट पकहाँ मैनपुर गाउँपालिका विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन विधेयक, २०७६ सभा समक्ष छलफल र निर्णयार्थ पेश ।

सभा समक्ष पकहाँ मैनपुर गाउँपालिका विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन विधेयक, २०७६ सभामा दफावार छलफल भई निर्णयार्थ पेश हुदा पारित गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. १४

अध्यक्षबाट पकाहाँ मैनपुर गाउँपालिका न्यायिक समितिको कारवाही किनारा कार्यविधी विधेयक, २०७६ सभा समक्ष छलफल र निर्णयार्थ पेश ।

सभा समक्ष पकाहाँ मैनपुर गाउँपालिका न्यायिक समितिको कारवाही किनारा कार्यविधी विधेयक, २०७६ सभामा दफावार छलफल भई निर्णयार्थ पेश हुदा पारित गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. १५

अध्यक्षबाट पकाहाँ मैनपुर गाउँपालिका जनप्रतिनिधी/कर्मचारीहरुको आचार सहिता विधेयक, २०७६ सभा समक्ष छलफल र निर्णयार्थ पेश ।

सभा समक्ष पकाहाँ मैनपुर गाउँपालिका जनप्रतिनिधी/कर्मचारीहरुको आचार सहिता विधेयक, २०७६ सभामा दफावार छलफल भई निर्णयार्थ पेश हुदा पारित गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. १६

अध्यक्षबाट आर्थिक वर्ष २०७५/०७६ को पकहाँ मैनपुर गाउँपालिका विनियोजन ऐन, २०७५ को संशोधन विधेयक २०७६ सभा समक्ष छलफल र निर्णयार्थ पेश ।

सभा समक्ष आर्थिक वर्ष २०७५/०७६ को पकाहाँ मैनपुर गाउँपालिका विनियोजन विधेयक, २०७५ को संशोधन विधेयक २०७६ सभामा दफावार छलफल भई निर्णयार्थ पेश हुदा पारित गर्ने सर्वसम्मत निर्णय गरियो ।

| खर्च शिर्षक नं. | खर्च शिर्षक | थप्नु पर्ने रकम | खर्च शिर्षक नं. | खर्च शिर्षक | घटाउनु पर्ने रकम |
|---|---|---|---|---|---|
| २१११२ | पारिश्रमिक पदाधिकारी | ३,५०,०००।०० | २११११ | पारिश्रमिक कर्मचारी पदाधिकारी अन्य | १५,००,०००।०० |
| २११४१ | पदाधिकारी बैठक भत्ता | ५०,०००।०० | २११४२ | सुविधा | ५,००,०००।०० |
| २२२१२ | इन्धन खर्च कार्यालय प्रयोजन | ६,५०,०००।०० | २२१११ | पानी तथा बिजुली | २,००,०००।०० |
| २२२१३ | सवारी साधन मर्मत संभार खर्च | ३,५०,०००।०० | २२११२ | संचार महशुल | ८,००,०००।०० |
| २२४१३ | करार सेवा शुल्क | १२,००,०००।०० | २२२२१ | मेशिनरी तथा औजार मर्मत संभार तथा संचालन खर्च | ३,५०,०००।०० |
| २२५१२ | सिप विकास तालिम | १,५०,०००।०० | २२३१४ | इन्धन खर्च अन्य प्रयोजन | १५,००,०००।०० |
| २२५२२ | कार्यक्रम खर्च | ५,००,०००।०० | २२४१४ | सरसफाई सेवा शुल्क | ५,००,०००।०० |
| २२६१२ | भ्रमण खर्च | ६,००,०००।०० | | | |
| २७२१९ | अन्य समाजिक सहायता | १५,००,०००।०० | | | |
| जम्मा | | ५३,५०,०००।०० | | जम्मा | ५३,५०,०००।०० |

निर्णय नं. १७

गाउँपालिकाको दोश्रो गाउँ सभा भएदेखी हाल सम्म, कार्यपालिका बैठक, विभिन्न समिति उप समितिका बैठकबाट भएका निर्णयहरु अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं.१८

गाउँपालिकाको आ.व. २०७५/०७६ मा भए गरेको आम्दानी तथा खर्च अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं.१९

गाउँपालिकाको सडक मापदण्ड र भवन संहिता बनीनसकेकोले निर्माण गरी लागु गर्न गराउनु कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने र सो नभएसम्म नेपाल सरकारबाट जारी सडक मापदण्ड र भवन संहिता २०७२ अनुसार गर्ने गराउने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं.२०

संघीय सरकार तथा प्रदेश सरकारबाट अन्यथा तोकिआएमा सोही बमोजिम हुने गरी अर्को व्यवस्था नभएसम्म यस गाउँपालिका र मातहतको दरबन्दी तेरिज कार्यपालिकाले निर्धारण गरे अनुसार हुने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं.२१

गाउँ विकास समिति हुदैं यस गाउँपालिकामा समायोजन भई आएका तथा गाउँपालिकाबाट हाल सम्म सेवा करारमा नियूक्त भई काम गर्दै आएका कर्मचारीहरुलाई निजले करार संझौता वमोजिम खाइपाई आएको सेवा सुविधा पाउने गरी अर्को व्यवस्था नभएसम्म सोहि अनुसार हुनेगरी आ.व. २०७६/०७७ को लागि हाललाई पकहाँ मैनपुर गाउँपालिका प्रशासकीय कार्यबिधि (नियमित तथा व्यवस्थित गर्ने) विधेयक २०७६ बमोजिक कार्य सम्पादन मुल्याङ्कन आधारमा बढीमा २०७७ आषाढ मसान्त सम्मको लागि म्याद थप गरी काममा लगाउने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं.२२

अत्यावश्यक तथा जरुरी कार्यहरु गर्न परेमा बजेट सिमामा थप व्यय भार नपर्ने गरी गाउँपालिकाको निर्णयबाट खर्च गर्न सक्ने निर्णय सर्व सहमतिबाट पारित गरियो ।

निर्णय नं.२३

पकहाँ मैनपुर गाउँपालिकाको संगठन संरचना स्वीकृत गरियो र तपशिल अनुसारका थप दरबन्दी स्वीकृत गर्ने निर्णय गरियो ।

क) कार्यालय सहयोगी १३ जना

(गा.पा. कार्यालयमा ३ जना, वडा कार्यालयहरुमा ५ जना तथा स्वास्थ्य चौकीहरुमा ५ जना)

ख) सवारी चालक (हलुका २ जना, हेवी २ जना)

ग) स्विपर ३ जना

घ) कम्प्यूटर अपरेटर १ जना

ङ) अमिन १ जना

च) अ.न.मी १ जना

निर्णय नं.२४

आ.व. २०७६/०७७ का लागि स्वीकृत मर्मत सम्भार तथा आकस्मिक योजना अन्तर्गत विनियोजित वजेटको सिमा भित्र रही प्राथमिक्ताको आधारमा आयोजना छनौट गर्न गाउँ कार्यपालिकालाई निर्णय गरियो ।

निर्णय नं.२५

पकहाँ मैनपुर गाउँपालिकाको आ.व. २०७४/०७५ को लेखा परीक्षण प्रतिवेदन पेश भई छलफल भयो तथा वेरुजु फरछ्यौंटका लागि आवश्यक कार्यवाही अगाडी बढाउन गाउकार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.२६

पुर्वाधार विकास कार्यक्रम तर्फ का योजनाहरु कार्यन्वयन गर्दा ३ प्रतिशत कन्टिजेन्सि कट्टा गरी योजना व्यवस्थापनमा खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं.२७

गाउँपालिकाबाट कार्यान्वयन हुने पुर्वाधार विकासका आयोजनाहरु उपभोक्ता समितिबाट संचालन गर्दा माटो ग्रेभल १५% र कनक्रिट निर्माण कार्यमा १०% जनसहभागिता जुटाई कार्यान्वयन गर्ने निर्णय गरियो।

निर्णय नं.२८

वडा कार्यालयहरुको दैनिक कार्य संचालनका लागि प्रति महिना रु.४२,०००/- का दरले उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.२९

गाउँपालिकाको कार्यालय, वडा कार्यालय तथा स्वास्थ्य चौकीहरुमा कार्यरत कार्यालय सहयोगीहरुको तलब भत्ता वृद्धि गरी प्रति महिना रु.१४,०००/- का दरले उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.३०

आ.व. २०७५/०७६ मा स्वीकृत भएका आयोजनाहरु सम्झौता भई कार्यान्यवयनमा रहेका आयोजनाहरुलाई आ.व. २०७६/०७७ मा अल्या को रुपमा सारी भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं.३१

गाउँपालिका भित्र सामुदायिक विद्यालयहरुमा नियूक्त भएका निजि श्रोत तर्फका शिक्षकको तलब प्रति महिना रु.१२,०००/- का दरले तथा कार्यालय सहयोगी र वालविकास शिक्षकहरुको थप तलब भत्ता प्रति महिना रु. २,०००/- का दरले भुक्तानीका लागि विद्यालयहरुलाई शसर्त चालु अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.३२

विभिन्न आयोजनाका लागि विनियोजित Matching Fund को रकम खर्च हुन नसकेमा गाउँ कार्यपालिकाको निर्णयबाट पुजिगत तर्फको अन्य आयोजना तथा कार्यक्रममा खर्च गर्न सक्ने गरी गाउँ कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं.३३

यस गाउँपालिका भित्र रहेका अशक्तहरु, असहायहरुबाट औषधी उपचार खर्च माग भइ आएमा र दिन मनासिव देखिएमा कार्यविधी अनुसार गाउँपालिका प्रमुखले रु पाँच हजार सम्म सहयोग गर्न सक्ने निर्णय पारित गरियो ।

निर्णय नं.३४

आ.व. २०७६/०७७ का लागि स्विकृत बजेटगाका अतिरिक्त संघीय सरकार तथा प्रदेश सरकारबाट थप बजेट प्रास भएमा सो बजेटबाट उँ कार्यपालिकाले आयोजना तथा कार्यक्रम छनौट गरी कार्यन्वयन गर्नका लागि गाउँ कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.३५

स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १३(१) बमोजिम गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्यून्तम दररेट तोकनु पर्नेछ भनी व्यवस्था रहेको तर यस पकहाँ मैनपुर गाउँपालिकामा प्राविधिक जनशक्तिको कमी रहेकोले पूर्वाधार विकास कार्यालय पर्साले स्विकृत गरेको जिल्लाको न्यून्तम दररेटलाई नै यस गाउँपालिकामा लागु गर्ने र सो को आधारमा नै निर्माण सामाग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्यून्तम दररेट कायम गर्ने निर्णय गरियो ।